

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । 100% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क २६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० माघ २६ गते शुक्रबार ❑ 9 Feb. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–


## छ महिनामा अवैध हातहतियारसहित १३४ पक्राउ

**रासस**
काठमाडौं, २५ माघ

नेपाल प्रहरीले चालु आर्थिक वर्षको छ महिनामा देशका विभिन्न स्थानबाट अवैध हातहतियारसहित एक सय ३४ जनालाई पक्राउ गरेको छ।

प्रहरीका अनुसार पक्राउ पर्नेमा एक सय ३० पुरुष र चार महिला छन् । प्रहरीका अनुसार पक्राउ पर्नेमा छ जना विदेशी नागरिक छन् ।

प्रहरीले दिएको जानकारी अनुसार काठमाडौं उपत्यकाबाट १७ जना, कोशी प्रदेशबाट १८ जना, मधेस प्रदेशबाट २५ जना, बागमती प्रदेशबाट १३ जना, गण्डकी प्रदेशबाट १४ जना, लुम्बिनी प्रदेशबाट २१ जना, कर्णाली प्रदेशबाट १२ जना र सुदूरपश्चिम प्रदेशबाट १४ जना पक्राउ परेका छन् । यस अवधिमा अवैध हातहतियार अन्तर्गत जम्मा ९४ मुद्दा दर्ता भएका छन् ।

"अवैध हातहतियार नियन्त्रणमा प्रहरी सक्रियताको कारण विभिन्न व्यक्तिहरूलाई हतियारसहित पक्राउ गर्न नेपाल प्रहरी सफल भएको छ। यसबाट हतियारधारी समूह निस्तेज बनेको छ", प्रहरीले भनेको छ, "यसबाट मुलुकमा शान्ति सुरक्षा कायम राख्न सहज भएको छ । आम नागरिकले शान्ति सुरक्षा, अमन चयन कायम भएको महसुस गरेका छन् ।"

प्रहरीले अपराधमुक्त समाज निर्माण र अपराध नियन्त्रणका लागि अवैध हातहतियार कारोबारी तथा प्रयोगकर्तालाई पक्राउगरीकानुनीदायरामाल्याउन सक्रियता बढाएको उल्लेख गरेको छ। "नेपाल प्रहरीले सूचना संयन्त्रलाई बलियो बनाउँदै काम गरेको कारण हातहतियार कारोबारी र हतियार नियन्त्रणमा लिन सकिएको हो", नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता प्रहरी नायव महानिरीक्षक भिमप्रसाद ढकालले भन्नुभयो, "सरोकारवाला निकायबीचको सहकार्यले यस कार्यमा थप मद्दत पुगेको छ। हतियारको जोखिमबारे सर्वसाधरणलाई चेतना जगाउन सफल भएपछि अवैध हतियार राखेका व्यक्तिहरूले समेत हतियार प्रहरीमा बुझाएका छन्।"

विभिन्न सम्भावित ठाउँमा सबै प्रकारका अवैध हतियार नियन्त्रण गर्न विशेष टोली परिचालन गरिएको उहाँको भनाइ छ । सो अवधिमा पेस्तोल छ थान, रिभल्वर चार थान, कटुवा पेस्तोल १७ थान, बन्दुक ६ थान, भरुवा बन्दुक ८१ थान र एयर गन २ थान गरी जम्मा १ सय १६ थान अवैध हतियार बरामद भएका छन् । सो अवधिमा पेस्तोलको गोली ५३ राउण्ड, रिभल्वरको २२ राउण्ड, कटुवाको १७ राउण्ड, बाह्रबोरको १९ राउण्ड, बन्दुकको २० राउण्ड, भरूवाको ९३ राउण्ड र अन्य ३ राउण्ड गरी जम्मा २ सय २७ राउण्ड गोली बरामद भएको छ।

बरामदमध्ये काठमाडौं उपत्यकाबाट सात थान हतियार र १४ राउण्ड गोली, कोशी प्रदेशबाट १८ थान हतियार र १५ राउण्ड गोली, मधेस प्रदेशबाट १४ थान हतियार र ६३ राउण्ड गोली, बागमती प्रदेशबाट १८ थान हतियार र २१ राउण्ड गोली, गण्डकी प्रदेशबाट ९ थान हतियार, लुम्बिनी प्रदेशबाट २५ थान हतियार र ७१ राउण्ड गोली, कर्णाली प्रदेशबाट १३ थान हतियार र छ राउण्ड गोली तथा सुदूरपश्चिम प्रदेशबाट १२ थान हतियार र ३७ राउण्ड गोली छन् । जसमा भरूवा बन्दुक र कटुवा पेस्तोलको सङ्ख्या अन्यको भन्दा बढी रहेको प्रहरीको भनाइ छ । तस्करी, हत्या, अपहरण, डकैती, लुटपाट, जबरजस्ती चन्दा असुली तथा दुर्लभ वन्यजन्तुको शिकारीमा यस्ता हातहतियार प्रयोग भएको देखिएको प्रहरीको भनाइ छ । अवैध हातहतियार नियन्त्रण तथा कारोबारीलाई कानुनी दायरामा ल्याउन नेपाल प्रहरीले देशभरिनै विशेष अभियान चलाएको प्रहरी नायव महानिरीक्षक ढकालले जानकारी दिनुभयो ।

अभियानको प्रभावले आम नागरिकबाट सूचना प्राप्त गर्न सहज भएको र यसबाट अवैध हातहतियार नियन्त्रण गर्न प्रहरीलाई सफलता मिलेको उहाँको भनाइ छ । नियन्त्रणमा लिइएका व्यक्ति तथा हतियार सम्बन्धमा हातहतियार तथा खरखजानासम्बन्धी कसूरमा अनुसन्धान एवम् कारवाही हुने गरेको प्रहरीको भनाइ छ।

प्रहरीले अवैध हतियार कतै लुकाइराखेको थाहा भएका उक्त सूचना नेपाल प्रहरीलाई उपलब्ध गराउन र अवैध हतियार बुझाउन अनुरोध गरेको छ। अपराधमुक्त समाज निर्माण र अपराध नियन्त्रणका लागि अवैध हातहतियार कारोबारी तथा प्रयोगकर्तालाई पक्राउ गरी कानुनी दायरामा ल्याउन नेपाल प्रहरी सक्रिय छ।

## ज्यान मार्ने धम्की दिदैं ५ करोडको फिरौती माग्ने दुई जना युवा पोखरामा पक्राउ

**पोखरापत्र संवाददाता**
पोखरा, २५ माघ

पोखरामा ज्यान मार्ने धम्की दिदै ५ करोडको फिरौती माग्ने दुई जना युवालाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेमा पर्वतको कुश्मा नगरपालिका २ खुर्कोट घरभाइ हाल पोखरा पोखरा ८ मा बस्दै आउनु भएको ३६ बर्षका लक्ष्मण दर्जी र उहाँका साथी कुश्मा नगरपालिका १४ आर्थर घर भई हाल पोखरा पोखरा ८ सिमलचौर बस्दै आउनु भएको ४२ बर्षीय दिपक बहादुर क्षेत्रीलाई पक्राउ गरीएको कास्की प्रहरीले विहीबार पोखरामा पत्रकार सम्मेलन गर्दै सार्वजनिक समेत गरेको हो।

पक्राउ परेका दर्जी विगत ४ बर्ष कतारमा बसेर एक महिना अघि मात्र पोखरा आउनु भएको हो भने क्षेत्री नेपालमै बेरोजगारको रुपमा रहेको जिल्ला प्रहरी कार्यालय कास्कीका प्रहरी उपरीक्षक मोहन कुमार थापाले बताउनु भयो। पोखरा १६ स्थित लामाचौर घर भएका तथा दीपमा रहेको सच्चाई सेवा केन्द्रका संचालक तथा संचाई सेवा केन्द्र नेपालका केन्द्रिय अध्यक्ष प्रकाश दीप गैरेलाई फोन तथा म्यासेज मार्फत हिन्दी भाषाको प्रयोगमा ज्यान मार्ने धम्की दिदै ५ करोड फिरौती माग गरेको आरोपमा उनीहरुलाई पक्राउ गरिएको उहाँले जनाउनु भयो।

उहाँहरुको साथबाट लागु औषध गाँजा ५७२ ग्राम, भरुवा बन्दुकमा हाल्ने केप २७ स्थान, १ थान कुखुरी, सानो, ठुलो मुगा १४ थान, कालो टर्च लाइट २ थान बरामद गरिएको एसपी थापाले बताउनु भयो । साथै उहाँहरुको साथबाट ४ थान मोवाइल सेट, भारतको एक, एनसेलको ३ र नेपाल टेलिकमको ५ सहित ९ वटा सिमकार्ड, फामलको ह्वाक्सा ब्लेड १ थान, रन्दा मेसिन एक थान, गेलेन्डे मेसिन एक थान, पेन्चिस एक थान, ३ वटा पुस्तक, एउटा नोट वुक, विभिन्न उद्योगी व्यवसायी, एनआरएनए, नेताहरुको नाम सहित उहाँहरुको छोरा छोरीको समेत नाम उल्लेख गरिएको ८ पाना भेटिएको प्रहरीले जनाएको छ। पक्राउ परेका दुई जनाले यूटुवबाट भिडियो समेत हेर्ने गरेको र उक्त रकम दिनसक्ने लागेर सच्चाई केन्द्रसम्म पुगेरै अध्यक्ष गैरेको मोवाइल नम्बर समेत ल्याएको प्रहरीले जनाएको छ। फोन तथा म्यासेज गरे पछि पक्राउ परेका दुबै जना पुनः सच्चाई केन्द्रमा जाने गरेको अबस्थामा प्रहरीले उहाँहरुलाई पक्राउ गरेको हो।

पक्राउ परेकाहरुलाई लागु औषध, हात हतियार खरखजना, ५ करोड रकम फिरौती माग गरेकोले अपहरण तथा शरीर बन्धक उद्योग मुद्दा चलाउने तयारी गरेको एसपी थापाले बताउनु भयो। उहाँहरुलाई ७ बर्ष देखि ७० हजारसम्मको जरिवाना हुन सक्ने भएको प्रहरीले जनाएको छ । यही माघ १३ गते फोवाइल नम्बर लिएर माघ १८ गतेबाट म्यासेज सहित फोनबाट रकम माग गर्दै धम्की दिन सुरु गरेका दुई युवालाई प्रहरीले माघ २४ मा पक्राउ गर्न सफल भएको हो। क्षेत्री पर्वतमा २०७९ हातहतियार तथा खरखजना सम्बन्द्धी मुद्धा चलेको साथै उहाँको २०७१ जिल्ला प्रहरी कार्यालय बगर कास्कीबाट अभर व्यवहार सम्बन्द्धी मुद्धा चलेको प्रहरीले जनाएको छ।

## कप्तान पौडेल चम्कँदा क्यानडाविरुद्ध नेपालको रोमाञ्चक जित

**पोखरापत्र संवाददाता**
पोखरा, २५ माघ

कप्तान रोहित पौडेल एक्लैले चार विकेट लिएपछि नेपालले क्यानडाविरुद्धको खेलमा सात रनको रोमाञ्चक जित हासिल गरेको छ।

कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा टस हारेर पहिले बलिङ गरेको पाहुना टोलीले नेपाललाई सामान्य योगफलमा समेटे पनि जित भने दर्ता गर्न सकेन। एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेट शृङ्खलाको पहिलो खेलमा नेपालले प्रस्तुत गरेको दुई सय २५ रनको सामान्य लक्ष्य पछ्याएको क्यानडा ४७ दशमलव पाँच ओभरमा सबै विकेट गुमाउँदै दुई सय १७ रनमा सीमित भयो । क्यानडाका लागि निकोलस कीर्तनले ९९ बलमा सात चौकाको मद्दतमा ६८ रन बनाए भने पर्गत सिंहले ५० र हर्ष थाकरले ३२ रनको योगदान दिए। तर अन्य खेलाडीले उल्लेख्य योगदान गर्न नसक्दा पहिलो खेलमा जित दर्ता गर्नबाट चुक्यो। पहिलो विकेट १९ रनमा गुमाएको क्यानडाले दोस्रो विकेट ३५ को अवस्थामा गुमायो। त्यसपछि निकोलस कीर्तन र पर्गत सिंहले पारी सम्हाल्दै तेस्रो विकेटका लागि ७९ रनको साझेदारी गर्दै टोलीलाई बलियो अवस्थामा पुऱ्याए । चौथो विकेटका लागि निकोलस कीर्तन र हर्श थाकरले ६० रनको साझेदारी गर्दा क्यानडा एक सय ७४ रनको बलियो अवस्थामा पुग्यो । यो अवस्थामा क्यानडालाई जितका लागि १७ ओभरमा ५१ रनको आवश्यक थियो । खेल पूर्णरुपमा क्यानडाको


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## ११ औं संस्करणको नेपाल लिटरेचर फेस्टिभल फागुन ३ देखि

**पोखरापत्र संवाददाता**
पोखरा, २५ माघ

पोखरामा ११ औं संस्करणको नेपाल लिटरेचर फेस्टिभल आउँदो फागुन ३ देखि हुने भएको छ । बुकवर्म फाउन्डेसनको आयोजनामा पोखराको लेकसाइड स्थित बाराहीघाटमा फागुन ७ गतेसम्म उक्त फेस्टिभल हुने भएको बिहीबार पोखरामा आयोजित पत्रकार सम्मेलन जानकारी गराइएको हो।

उक्त फेस्टिभलमा ५५ बिषयमा २ सय अतिथिहरूको सहभागी हुने तयारी गरिएको आयोजक समितिका सदस्य केशवशरण लामिछानेले बताउनु भयो। नेपाल लिटरेचर फेस्टिभल पोखरामा एउटा ब्रान्डका रुपमा स्थापित भइसकेको उल्लेख गर्दै उहाँले पोखरेलीले यसलाई अपनत्व ग्रहण गरिसकेको दाबी गर्नु भयो । तालको सहर, हिमालमुनिको सहर आदि विभिन्न विशेषताले चिनिरहेको पोखरालाई साहित्यको पनि सहर बनाउन फेस्टिभलको महत्वपूर्ण भूमिका रहेको लामिछानेको भनाई थियो। १० जना भन्दा विदेशबाट लेखक तथा कलाकार एवं साहित्यकारको कार्यक्रममा सहभागिता हुने भएको उहाँले जनाउनु भयो।

नेपाल पत्रकार महासंघ, कास्कीका अध्यक्ष विमला भण्डारीले आर्थिक मन्दिको अबस्थामा पनि उक्त कार्यक्रम गर्नु ठुलो चुनौती रहेको बताउनु भयो । कला, साहित्यदेखि राजनीति र दर्शनसम्मको भोक जगाइदिने अनि मेटाइदिने अवसर




फेस्टिभलले दिएको अध्यक्ष भण्डारीको भनाइ छ। सन् २०११ मा झम्सिखेलस्थित ज्ञान मण्डलाको सानो प्राङ्गणबाट सुरु भएको फेस्टिभल एघारौं संस्करणसम्म आइपुग्दा नेपाल ट्रस्टको स्वामित्वमा रहेको बाराहीघाटमा भव्यता साथ आयोजना हुने अवस्थामा आइपुगेको नेपाल लिटरेचर फेस्टिभलका निर्देशक नीरज भारीले बताउनु भयो।

यस्ता फेस्टिभलमा हुने सामाजिक बहस र विमर्शले देशका उच्चपदस्थ व्यक्ति एवम् सरोकारवालालाई जवाफदेही बनाउन सघाउने उहाँले बताउनु भयो । फेस्टिभल दक्षिण एसियाकै एउटा समावेशी मञ्च बन्दै गएकामा आफूहरू गौरवान्वित भएको उहाँको भनाई छ। फेस्टिभलमा ५५ भन्दा बढी सेसन, साङ्गीतिक साँझ र थप रोचक सामग्री समावेश गरिने भएको छ । फेस्टिभलमा दैनिक हजारौं साहित्यानुरागी भेला हुने आयोजकले विश्वास लिएको छ। उक्त अवसरमा वात्स्यायन एन्ड बार्ब्स भोल्युम टू पुस्तक विमोचन एवम् कार्टुन प्रदर्शनी, गोर्खा वुमन : एन इको इन द स्टोरी प्रदर्शनी हुने भएको आयोजक मध्यका एक भरत कोइरालाले बताउनु भयो । यस वर्ष फेस्टिभलमा विश्वप्रसिद्ध पुस्तक 'अमेरिकन प्रोमिथियस द ट्रायम्फ एन्ड ट्र्याजिडी अफ जे रबर्ट ओपनहाइमर'का सहलेखक काई बर्डको सहभागिता हुने भएको उहाँले दाबी गर्नु भयो। सूर्य नेपाल गाथाको मुख्य सहयोगमा हुने फेस्टिभलमा पोखरा महानगरपालिका प्रवर्द्धक रहेको आयोजकका विकास रोका मगरले बताउनु भयो।

यस वर्ष फेस्टिभलमा विश्वप्रसिद्ध पुस्तक 'अमेरिकन प्रोमिथियस द ट्रायम्फ एन्ड ट्र्याजिडी अफ जे रबर्ट ओपनहाइमर'का सहलेखक काई बर्डको सहभागिता हुने भएको आयोजकले जनाएको छ । प्रसिद्ध भारतीय लेखिका ज्यानिस प्यारियट पनि फेस्टिभलमा सहभागि हुनुहुने भएको आयोजक समितिका सदस्य लामिछानेले बताउनु भयो । उहाँको पुस्तक एभ्रिथिङ द लाइट टचेजका बारेमा उहाँले फेस्टिभलमा चर्चा गर्नुहुने छ। विश्वप्रसिद्ध समालोचक एवम् उपन्यासकार चन्द्रहास चौधरी पनि फेस्टिभलमा आउँदै हुनुहुन्छ त्यस्तै पूर्वप्रधानन्यायाधीश कल्याण श्रेष्ठको विद्वत्प्रवचन रहने आयोजकले जनाएको छ। यसैगरी अर्थमन्त्री डा. प्रकाशशरण महत, पूर्वअर्थमन्त्रीहरू वर्षमान पुन, सुरेन्द्र पाण्डे लगायतको पनि उपस्थिति रहने भएको छ । नेता सिके राउत, लेखक खगेन्द्र संग्रौला, प्रा.डा. कुन्दन अर्याल, पत्रकार भूषण दाहाल, गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, पूर्वमुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङ, सांसद एवम् उद्योगी विनोद चौधरी, नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, योगी विकासानन्द, पूर्वपरराष्ट्रमन्त्री विमला राई पौड्याल, रोहिणी राणा, राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष विश्व पौडेल, पूर्वबैङ्कर अनिलकेशरी शाह, प्रा. कुसुम शाक्य, नेत्री समीक्षा बास्कोटालगायतको पनि सहभागिता रहने आयोजकले जनाएको छ। गायक बद्री पङ्गेनी, गजलकार एवम् लेखक शीतल कादम्बिनी, कवि डा. नवराज लम्साल, लेखक अमर न्यौपाने, लेखक कुमार नगरकोटी, गजलकार सङ्गीता थापा, गजलकार सुमन स्मारिकालगायतको सहभागिता पनि रहने भएको छ। फेस्टिभलमा कुटुम्ब ब्यान्ड, डा. ध्रुवेशचन्द्र रेग्मी र उनको समूह, डा. सुमन थापा र द ब्लू फ्रेट ब्यान्ड, विपुल क्षेत्री र उनको द ट्राभलिङ ब्यान्ड आदि समूहको कन्सर्ट हुँदैछ । फेस्टिभलका अवसरमा लेखक कुमार नगरकोटीले कुटुम्ब ब्यान्डसँग रिसाइटेसन कार्यक्रम समेत हुने भएको छ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पोउवा संघको ७० औं स्थापना दिवस

पोखरापत्र संवाददाता
पोखरा, २५ माघ



पोखरा उद्योग वाणिज्य संघ ७० वर्षमा प्रवेश गरेको छ । उद्योगी/व्यवसायीहरुको हितको रक्षा गर्ने उद्धेश्यले स्वर्गीय अमृतप्रसाद शेरचनको अध्यक्षतामा २०११ साल माघ २५ गते संघको स्थापना भएको थियो। यो पोखराको सवैभन्दा जेठो सामाजिक संस्था पनि हो।

उद्योगी/व्यवसायीहरुको हितका खातिर स्थापना भए पनि संघले पोखराको शैक्षिक, सामाजिक र भौतिक विकासमा महत्वपूर्ण योगदान गरेको छ । यहाँको बालमन्दिरदेखि पृथ्वीनारायण क्याम्पस,पोखरा विश्वविद्यालयसम्मका दर्जनौं शैक्षिक संस्थाको स्थापना र संचालनमा सघाएको संघले महेन्द्रपुल,पोखरा सभागृह, काहुँको धरहरादेखि सिद्धार्थ राजमार्ग निर्माण पनि गरेको संघका वर्तमान अध्यक्ष पवनकुमार प्रजापतिले जनाए । यस्तै पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको लागि निरन्तरको पैरवी तथा २०६९ सालमा रिले अनसनको नेतृत्व पनि संघले नै गरेको थियो। स्थापना दिवसको अवसरमा बिहीबार संघको सचिवालयमा झण्डोत्तोलन गरिएको छ। कार्यक्रममा संघका वर्तमान अध्यक्ष प्रजापतिसहित पूर्वअध्यक्षहरु राजेन्द्रकुमार लालचन,कृष्णमोहन श्रेष्ठ र विश्वशंकर पालिखे,वर्तमान पदाधिकारी तथा कार्यसमिति सदस्यहरुको उपस्थिति रहेको संघका महासचिव बलराम आचार्यले जानकारी दिए।

# पोखरा म्याराथनमा अपाङ्गता तर्फको पुरस्कार रकम हस्तान्तरण

पोखरापत्र संवाददाता
पोखरा, २५ माघ



पोखरा म्याराथन अन्तर्गत अपाङ्गतातर्फको दृष्टिविहिन र ह्विलचियर दौडको पुरस्कार रकम हस्तान्तरण गरिएको छ।

ह्विलचियर तर्फको महिला/पुरुषतर्फको पहिलो पुरस्कार १०/१० हजार र दृष्टिविहिनतर्फको १०/१० हजार गरी कुल रु ४० हजार रुपैयाँ बिहीबार पूर्व राष्ट्रिय खेलाडी स्वर्गीय गंगाबहादुर गुरुङको स्मृतिमा उनका छोरा देवान गुरुङ र मनोज गुरुङले मञ्चका अध्यक्ष हरी प्रसाद पराजुली, निवर्तमान अध्यक्ष तेजबहादुर गुरुङ र संस्थापक अध्यक्ष खड्ग रानाभाटलाई हस्तान्तरण गरे।

रकम हस्तान्तरण गर्दै मनोज गुरुङले आफ्ना बुबाको सम्झनामा गरिएको पुरस्कार प्रायोजनले अरुलाईपनि प्रेरणा मिल्ने बताए। पुरस्कार प्रायोजनलाई आगामी ५ बर्षसम्म निरन्तरता दिने उनले बताए।

पूर्व राष्ट्रिय खेलाडी स्व. गंगा बहादुर गुरुङ नेपाल भूतपूर्व खेलाडी मञ्चका संस्थापक सल्लाहकार एवं आजिबन सदस्य समेत थिए । मञ्चका अध्यक्ष पराजुलीले पुरस्कार प्रायोजनका लागि धन्यवाद दिएका छन्। उनले भने-"मञ्चले परिवारलाई जोडेको छ। यस्तो सहयोगले मञ्चलाई दिर्घकालिन रुपमा बलियो बनाउन र स्व.गुरुङ र उहाँको खेल प्रतिको योगदानलाई सम्झिइरहन समेत भूमिका खेल्ने छ।" अपाङता तर्फको दौड प्रतियोगिता यहि माघ २७ गते शनिबार पोखरा रंगशालामा हुने छ। मञ्चले उक्त प्रतियोगिताको सम्पूर्ण तयारी पुरा गरेको जनाएको छ।

# सरकारी सुविधाको रकमबाट अक्षयकोष स्थापना

पोखरापत्र संवाददाता
पोखरा, २५ माघ

सरकारी सेवासुविधाबाट प्राप्त रकमले पोखरा महानगरपालिका वडा नं १७ का वडा सदस्य शिवराम भण्डारीले जानकी मावि महतगौडामा अक्षयकोष स्थापनाको घोषणा गर्नुभएको छ।

विद्यालयको ४६औं वार्षिकोत्सव कार्यक्रममा उहाँले बुवा धर्मदत्त र आमा जमुना भण्डारीको स्मृतिमा रु पाँच लाखको अक्षयकोष स्थापना गर्ने घोषणा गर्नुभएको हो। निर्वाचित भएदेखि २०८१ असारसम्म २४ महिनामा प्राप्त गर्ने सेवासुविधा र बाँकी निजी रकम थप गरी स्थापना गरिएको अक्षयकोषबाट प्राप्त ब्याजले विद्यालय सञ्चालानार्थ सहयोग पुग्ने भण्डारीले बताउनुभयो।

छात्रवृत्तिको अक्षयकोष धेरै भए विद्यालय सञ्चालनमा दिनप्रतिदिन देखिएको चुनौती समाधानका लागि केही हदसम्म भए पनि आफ्नोतर्फबाट पहल गरेको बताउँदै उहाँले यस विद्यालयका पूर्वविद्यार्थीबाट पनि सहयोग रहने विश्वास व्यक्त गर्नुभयो । वार्षिकोत्सव कार्यक्रममा सहभागी अतिथि एवं अभिभावकले पनि विद्यालयका लागि स्वःस्फुर्त आर्थिक सहयोग गर्नुभएको थियो । सो अवसरमा रु ८० हजार सङ्कलन भएको विद्यालयका प्रधानाध्यापक अर्जुन कँडेलले जानकारी दिनुभयो। उहाँका अनुसार सुविधासम्पन्न भवन र खेलमैदानसमेत रहेको विद्यालयमा हाल तीन सय ५० विद्यार्थी अध्ययनरत छन्।

# दोस्रो हिसान गण्डकी प्रदेश स्तरीय फुटसल प्रतियोगिताको कास्की छनौट सुरु

पोखरापत्र संवाददाता
पोखरा, २५ माघ



उच्च शिक्षालय तथा माध्यमिक शिक्षालय संघ (हिसान) गण्डकीको आयोजनामा हुने दोस्रो प्रदेशस्तरीय हिसान प्लस टु तथा युनिभर्सिटी लेवल फुटसल प्रतियोगिताको कास्की छनौट खेल शुरु भएको छ।

प्रतियोगितामा ४० टिमको सहभागीता रहेको छ । प्रतियोगिताको उच्च शिक्षालय तथा माध्यमिक शिक्षालय संघ (हिसान) केन्द्रिय सल्लाहकार सूर्य बहादुर जिसिले उद्घाटन गरे । उद्घाटन खेलमा हिलप्याइनले गुरुकुल विद्यालयलाई पेनाल्टी सुटआउटमा ३-२ गोलले हरायो।

हिसान गण्डकीको सदस्य विद्यालय बिच हुने प्रतियोगितामा कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थीहरुले सहभागीता जनाएका छन् । कास्कीबाट १२ र अन्य जिल्लाबाट ४ गरी १६ टिमले उपाधिका लागि प्रतिस्पर्धा गर्ने हिसान गण्डकीका अध्यक्ष रमाकान्त बरालले जानकारी दिए। गण्डकी स्तरीय प्रतियोगिता फागुन ४ देखी ७ गते सम्म पोखरा रंगशालामा प्रतियोगिता हुनेछ । कास्की छनौटबाट छानिएका १२ टिमले प्रदेश स्तरीय प्रतियोगितामा भाग लिन पाउने छन्। प्रतियोगिताको विजेताले नगद १ लाख, मेडल, ट्रफि र उपविजेताले नगद ५० हजार, मेडल र ट्रफि प्राप्त गर्ने अध्यक्ष बराललले बताए। कास्की छनौटमा करिब ५० विद्यालयको सहभागीता जनाउने प्रतियोगिताको व्यवस्थापन गरीरहेको सबिन मेमोरीयल फुटबल क्बलका अध्यक्ष सञ्जय लिगले बताए । त्यसै गरी युनिभर्सिटी लेवल फुटसल प्रतियोगितामा गण्डकी प्रदेशका १२ टिमको सहभागीता हुने लिगले बताए । खुल्ला कलेजस्तरीय फुटसल प्रतियोगिताका विजेताले नगद २० हजार मेडल र ट्रफि, उपविजेताले नगद १० हजार मेडल र ट्रफि प्राप्त गर्ने छन् । प्रतियोगिताको सविन मेमोरियल क्बलले संयोजन गरेको छ।

हिसान फुटसल प्रतियोगिताले नयाँ खेलाडी उत्पादन गर्न सहयोग गर्ने प्रतियोगिताका संयोजक सन्तोष पराजुलीले बताए । युवाहरुमा भएको खेलकुदको प्रतिभा देखाउने ठाउँ नपाएकाहरुलाई यो अवसर हुने उनको भनाई छ। उद्घाटन कार्यक्रममा हिसानका केन्द्रिय सल्लाहकार सूर्य बहादुर जिसिले प्रतियोगिताबाट विद्यार्थीले खेल्दै सिक्दै गर्ने अवसर पाउने बताए । त्यसै गरी हिसान गण्डकीका अध्यक्ष रमाकान्त बराललले शुभकामना दिदै खेलाडी उत्पादनमा यस्ता प्रतियोगिताले निरन्तराता पाउनु पर्ने बताए।

हिसान कास्कीका अध्यक्ष यम बहादुर रोका, उपाध्यक्ष दिवाकर जैसी र सचिव ढाकाराम कडेंल लगाउनले प्रतियोगिताका बारेमा जानकारी दिएका थिए । प्रतियोगिता सम्पन्न गर्न ६ लाख ५० हजार खर्च हुने प्रदेशका कोषाध्यक्ष राजेन्द्रमणी पौडेलले जानकारी गराए।

# पोखरा जारी खुल्ला नेपाल स्नोकर प्रतियोगिता अर्न्तगत शुक्रबार सेमिफाइनका खेलहरु हुने

पोखरापत्र संवाददाता
पोखरा, २५ माघ

पोखरामा जारी खुल्ला नेपाल स्नोकर प्रतियोगिता २०८० अर्न्तगत भोलि (शुक्रबार) सेमिफाइनलका खेलहरु हुने भएको छ।

पोखराको ड्यामसाइड स्थित फाइनल स्कोर स्पोर्टस बारमा भोलि पहिलो सेमिफाइनल खेल काठमाण्डौंका राजन लामा बिरुद्ध इटहरीका आयुष गौतम बिचको खेल हुने भएको छ । त्यसै गरी अर्को खेलमा अन्तराष्ट्रिय काठमाण्डौंका खेलाडी रेगन श्रेष्ठ बिरुद्ध काठमाण्डौंकै वाङ्चुक तामाङ बिच खेल हुने भएको छ। प्रतियोगिता अर्न्तगत विहिबार ४ वटा क्वाटरफाइनलका खेलहरु सम्पन्न भएको आयोजक फाइनल स्कोर स्पोर्टस बार प्रा.लि.का अध्यक्ष एवं खेलाडी सोम बि.क.ले बताए। इटहरीका आयुष गौतमले हेटौंडाका नितेस खण्डवाललाई ५–४ को सेटमा पराजित गर्दै अन्तिम चारमा स्थान बनाए। अर्को खेलमा काठमाण्डौंका राजन लामाले वुटवलका साराङ रानालाई ५–० को सोझो सेटमा पराजित गरेका हुन्। अन्तराष्ट्रिय खेलाडी काठमाण्डौंका रेगन श्रेष्ठले काठमाण्डौंका मोती पाख्रिनलाई ५–३ को सेटमा पराजित गर्दै अन्तिम चारमा स्थान बनाए । विहिबारको अन्तिम खेलमा काठमाण्डौंका वाङ्चुक तामाङले पोखराका विकास मर्हजनलाई ५–२ को सेटठमा पराजित गर्दै सेमिफाइनलमा यात्रा बनाएका हुन्।

यही माघ २८ गतेसम्म संचालन हुने उक्त प्रतियोगितामा १ सय २३ जना खेलाडीहरु सहभागि भएको प्रा.लि.का संचालक मध्यका एक प्रताप गुरुङले बताए। प्रतियोगितामा प्रतियोगितामा विजेता हुने खेलाडीलाई १ लाख ५० हजार नगद सहित ट्रफी, मेडल र प्रमाण पत्र वितरण गरिने भएको छ। त्यसै गरी प्रतियोगितामा उपविजेतालाई ७० हजार र तेश्रो हुने दुई जना खेलाडीलाई जनही २०/२० हजारको साथमा ट्रफी, मेडल र प्रमाण पत्र वितरण गरिने भएको हो । उक्त प्रतियोगिताको मुख्य सहयोग पोखरा महानगरपालिकाले गरेको आयोजकले जनाएको छ।

# कप्तान ...

पक्षमा ढल्किसकेको थियो। त्यसपछि क्यानडाको पारी बिग्रियो । उसले थप ४३ रन बनाउँदा बाँकी छ विकेट गुमाउन पुग्यो । क्यानडाको पाँचौ विकेट एक सय ८९ रनमा गुम्यो भने छैंटौ विकेट एक सय ९५ रन छँदा गुम्यो। साथै सातौ र आठौं विकेट दुई सय सात रनमा, आठौं र नवौं विकेट दुई सय १२ रनमा र अन्तिम विकेट दुई सय १७ रनमा गुमायो। नेपालका लागि कप्तान पौडेल एक्लैले चार र ललित राजबंशीले दुई विकेट लिए। त्यसैगरी सोमपाल कामी, रिजन ढकाल, पवन शर्राफ र कुशल मल्लले समान एक/एक विकेट लिए । जितसँगै नेपाल तीन खेलको शृङ्खलामा १-० को अग्रता बनाएको छ। टस जितेर पहिले ब्याटिङ गरेको नेपालले निर्धातिर ५० ओभरमा अलआउट हुँदा दुई सय २४ रन मात्रै बनाउन सक्यो। नेपालका लागि कुशल भुर्तेलले ५८ बलमा नौ चौका र एक छक्का प्रहार गर्दै सर्वाधिक ६२ रन बनाए।

## धुम्रपान र मद्यपान नगरौं, स्वस्थ जीवन बाँचौं

◆धुम्रपान र मद्यपानले जाडो घट्ने वा हट्ने होईन।
◆यसले मुटु, दम, श्वासप्रश्वास, क्यान्सरजस्ता दीर्घकालीन रोग लाग्न सक्छ।
◆आफू, परिवार तथा समाजका अन्य व्यक्तिलाई त्यस्तो कुलतमा फस्न नदिऔं।
◆कुलतमा रहेकाले त्याग्ने प्रण गरौं।
◆यसले तपाई र तपाईको परिवारलाई असर पुऱ्याउँछ।

त्यसैले,
धुम्रपान र मद्यपान नगरौं, स्वस्थ जीवन बाँचौं।


नेपाल सरकार
विज्ञापन बोर्ड

## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

क्षमा दिनु दुश्मनमाथि विजय प्राप्त गर्नु हो । - हजरत अली

## सम्पादकीय

# संघीयता कार्यान्वयनमा सक्रियता

संविधान अनुसार प्रदेश र स्थानीय तहले आफ्नो अधिकार प्रयोगका लागि संघले (केन्द्र)ले कानुन नबनाउँदा प्रदेशले गाली खानुपरेको छ । संविधान जारी भएको ८ वर्ष भयो बन्नुपर्ने कानुन बन्न नसक्दा संघीयताप्रति नै प्रश्न उठेको छ । संघीयता विरोधी जुरमुराउन थालेपछि बल्ल प्रधानमन्त्री पुष्प कमल दाहाल संघीयता कार्यान्वयनका अड्चन फुकाउन तारान्तर छलफल र संवादमा जुटेका छन । संघीयता कार्यान्वयनका लागि महत्त्वपूर्ण मानिने संघीय शिक्षा ऐन, संघीय प्रहरी ऐन र संघीय निजामती सेवा ऐन नबनेको भन्दै मुख्यमन्त्रीहरुले यी ऐन जतिसक्दो चाँडो बनाउन प्रधानमन्त्रीलाई दबाब दिँदै आएका छन् ।

मुख्यमन्त्रीहरुको दबाबले प्रेसरमा परेका प्रधानमन्त्री दाहाल ती ऐनहरु तत्काले अघि बढाएर कानुन निर्माण गरी छाड्ने उद्घोष गर्दै आएका छन् । सातवटै प्रदेशका मुख्यमन्त्रीको पटकपटकको दबाब र जनमानसबाट व्यवस्थामाथि नै प्रश्न उठ्न थालेपछि संघीयता कार्यान्वयन गर्न सरकारलाई दुई ऐन जसरी पनि जारी गर्नुपर्ने दबाब छ । कानुन बनाउनुभन्दा सत्ता गठबन्धन बनाउने र भत्काउने खेलमा सक्रिय कांग्रेस, माओवादी, लगायत नेताहरु राजतन्त्र पक्षधर सडकमा आउनथालेपछि बल्ल ब्युँझिएका छन ।

संविधान निर्माणलगत्तै जारी हुनुपर्ने संघीय निजामती सेवा ऐन गत ८ वर्षसम्म पनि जारी हुन सकेको छैन । पछिल्लो पटक संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले ऐनको मस्यौदा विधेयक मन्त्रिपरिषद्मा पठाएपछि भने ऐन जारी हुने झिनो आशा कर्मचारीवृत्तमा बढेको छ । मन्त्रिपरिषद्ले विधेयक दुवै संसदमा पठाउने निर्णय गरिसकेको छ । प्रहरी र निजामती ऐन जारी गर्न सबैभन्दा पहिले मधेस प्रदेश सरकारले संघ सरकारलाई दबाब दिएको थियो । गत कात्तिक २३ गते मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवको नेतृत्वको टोली काठमाडौं आएर प्रधानमन्त्री पदाहाललाई भेट्दै ज्ञापनपत्र नै बुझाएको थियो ।

उक्त टोलीले ३० दिन भित्र ऐन जारी गर्ने स्पष्ट आधार नभेटिए धर्ना दिने चेतावनी दिएर प्रदेश फर्किएको थियो । त्यसपछि पनि मधेस प्रदेशले प्रधानमन्त्रीलाई पटक पटक ऐन जारी गर्न दबाब दिँदै आएको छ । गत असार १५ गते पोखरामा भएको मुख्यमन्त्रीहरुको दोस्रो सम्मेलनबाट पारित साझा धारणा पत्र बुझ्दै प्रधानमन्त्री पुष्पकमल दाहालले राजनीतिक र प्रशासनिक तहमा यसबारे गम्भीर रूपमा छलफल चलाउने बताएका थिए । प्रदेशमा नेपाल प्रहरी समायोजन हुन नसक्दा शान्ति सुरक्षा कायम राख्न, विपद् व्यवस्थापनमा सुरक्षाकर्मी परिचालन गर्न र सुरक्षा निकायहरुसँग समन्वय गर्न समस्या भएको मुख्यमन्त्रीहरुको दुखेसो छ ।

केन्द्रले संघीय निजामती सेवा ऐन नबनाउँदा कर्मचारी खटनपटन र वृत्ति विकासमा प्रदेश सरकारलाई समस्या छ । पछिल्लो पटक बुधबार मात्रै प्रधानमन्त्री कार्यालय सिंहदरबारमा बसेको राष्ट्रिय समन्वय परिषद्को दोस्रो बैठकमा प्रधानमन्त्री दाहालले अत्यावश्यक ऐन जारी नहुँदा संघ, प्रदेश र स्थानीय सरकारका काम कारबाहीमा समस्या भएको स्वीकारेका थिए । उनले संविधान कार्यान्वयनमा सबैले चासो र चिन्तन गर्नुपर्नेमा जोड दिँदै संघीय निजामती सेवा ऐन र प्रहरी समायोजनका लागि दुई उपप्रधानमन्त्रीलाई जिम्मेवारी तोकेर काम गरिरहेको मुख्यमन्त्रीहरुलाई जानकारी गराएका थिए । 'प्रधानमन्त्रीले संघीयता कार्यान्वयनको वाचा धेरै पटक गरेपनि संसदमा ऐन लैजान सकस परेको छ । गएको असारदेखि मुख्यमन्त्रीहरुले झकझकाउँदै आएका छन अब कसैको दबाबमा नपरी ऐनहरु संसदमा पठाउन र पारित हुने वातावरण बनाउनुपर्छ । संघीयता कार्यान्वयनमा राजनीतिक इच्छाशक्ति भएमा सकिन्छ । अहिलेको सक्रियता प्रधानमन्त्रीको आयु लम्ब्याउनका लागि नहोस् ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : आर्थिक समस्या |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : मानसिक तनाव |
| मिथुन | : शुभ यात्रा | धनु | : शारीरिक झमेला |
| कर्कट | : स्वास्थ्यमा सुधार | मकर | : ब्यापारमा लाभ |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : अप्रत्यासित लाभ |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्पर्कनुहोस् ।


# बाबियाचौर स्वास्थ्य चौकी भवन निर्माण

पोखरापत्र संवाददाता
म्याग्दी, २५ माघ

म्याग्दीको मङ्गला गाउँपालिका-२ बाबियाचौरको रणवाडमा स्वास्थ्य चौकीको भवन निर्माण भएको छ । गण्डकी प्रदेश सरकारको विशेष अनुदानमा गाउँपालिकाले भूकम्प प्रतिरोधी क्षमताको अपाङ्गतामैत्री भवन निर्माण गरेको हो । दुईतले नौकोठे भवन निर्माण भएको मङ्गला गाउँपालिका-२ का वडाध्यक्ष धनबहादुर खातीले जानकारी दिनुभयो ।

"बाबियाचौर स्वास्थ्य चौकी स्थापनाकालदेखि नै सहश्रधारामा रहेको सामुदायिक भवनको एउटा साँघुरो कोठाबाट सञ्चालन हुँदै आएको थियो", उहाँले भन्नुभयो, "निर्माण व्यवसायीले हस्तान्तरण गरिसकेको भवनमा विद्युत् जडान गरेर केही दिनमै प्रयोगमा ल्याउने तयारीमा छौँ ।" भवनमा बिरामी उपचार, प्रशासन, औषधि भण्डारण, बैठक हल, सहायता कक्ष र स्वास्थ्यकर्मीको आवास रहेको छ । भवन निर्माणका लागि विसं २०७८ माघ २० गते ग्राण्ड-खाम्पाचे एसके जेभी काठमाडौँसँग रु एक करोड ४९ लाख २८ हजार तीन सय ७२ मा ठेक्का सम्झौता भएको छ । भेरियसन अर्डर गर्दा लागत घटेर रु एक करोड ४३ लाख भएको भवनको ९२ प्रतिशत भौतिक प्रगति भएको र रु एक करोड ३० लाखमात्र भुक्तानी भएको गाउँपालिकाका सबइन्जिनियर विपिन आचार्यले बताउनुभयो । "मूल्याङ्कनका क्रममा डिजाइनअनुसारको सबै संरचना निर्माण नगरेकाले भुक्तानीका क्रममा रकम घटाएको हो", उहाँले भन्नुभयो, "दुई वर्षको ठेक्का अवधिभित्रै भवन निर्माण सकिएको छ ।" भवन परिसरमा घेराबार र प्रवेशद्वार निर्माणको काम बाँकी छ ।

रणवाङका ललितबहादुर मल्ल, डम्मरबहादुर मल्ल, होमबहादुर सेन, तिलकबहादुर सिंह, भगवान सुवेदी र स्व मातृकाप्रसाद गौचनले स्वास्थ्य चौकीको भवन बनाउन पाँच रोपनी जग्गा उपलब्ध गराउनुभएको वडाध्यक्ष खातीले बताउनुभयो । यसअघि अस्थायी र साँघुरो भवनबाट स्वास्थ्य चौकी सञ्चालन हुँदै आएको थियो ।

नयाँ भवन निर्माण भएपछि सेवा प्रवाह सहज हुने स्वास्थ्य चौकीका प्रमुख बालकृष्ण शर्माले बताउनुभयो । पाँचवटा वडा रहेको मङ्गलाको चारवटा वडाको स्वास्थ्य चौकीको सुविधासम्पन्न भवन बनेको छ । वडा नं ५ को अर्मन स्वास्थ्य चौकीको भवन सङ्घीयताअघि नै निर्माण भएको थियो । वडा नं ३ को बरङ्जा र वडा नं १ कुहुँको स्वास्थ्य चौकी भवन अघिल्लो कार्यकालमा निर्माण भएको हो ।

हाल बुकेनीस्थित वडा नं ४ को भवनबाट सञ्चालन भइरहेको सामुदायिक स्वास्थ्य एकाइलाई स्वास्थ्य चौकीमा स्तरोन्नति गर्ने र भवन बनाउन पहल गरिएको गाउँपालिकाका अध्यक्ष सतप्रसाद रोकाले बताउनुभयो ।

# बाँसको सिन्का उत्पादन गर्दै काठेखोला

रासस
ढोरपाटन, २५ माघ

काठेखोला गाउँपालिकाले यस वर्षदेखि प्राङ्गारिक मल, चिया र बाँसको सिन्का उत्पादन गर्ने भएको छ ।

दुई वर्षदेखि काठेखोला -७ स्थित रेशमा औद्योगिक ग्राम निर्माण थालेको गाउँपालिकाले हालसम्म दुई टहरा निर्माण सम्पन्न भइसकेको र उपकरण जडान गरेर उत्पादनमा लाग्ने भएको हो । सङ्घीय सरकारको तीन करोड लागतमा निर्माण हुन लागेको औद्योगिक ग्रामसम्म सडक र विद्युत् पुऱ्याइ सकेको हुँदा बनेका संरचनामा उद्योग सञ्चालन गर्ने काठेखोला-७ का अध्यक्षप्रेम लामिछानेले जानकारी दिनुभयो । गाउँपालिकाले आर्थिक वर्ष २०७८/०७९ देखि नै उद्योग निर्माण सुरु गरेको उहाँले बताउनुभयो । सङ्घीय सरकारले रु तीन करोड मात्रै औद्योगिक ग्राममा लगानी गर्ने भए पनि काठेखोलाले रु ५० करोडको विस्तृत योजना प्रतिवेदन (डिपीआर) गराएका काम अगाडि बढाएको उहाँको भनाइ छ । निर्माण भएका संरचनालाई प्रयोग गरी उत्पादनसँग जोडिँदै जाने र नयाँ संरचना पनि थप्दै जाने योजना रहेको अध्यक्ष लामिछानेले बताउनुभयो । गाउँमा उत्पादन हुने कृषिउपज वस्तुको बजारीकरण, व्यापार व्यवसायको प्रवर्द्धनका लागि औद्योगिक ग्रामले महत्वपूर्ण भूमिका खेल्ने उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "सबै संरचना निर्माण भइसक्दा धेरै समय लाग्छ, निर्माण भएका संरचनालाई प्रयोग गरि केही उद्योग सञ्चालन गरौं भनेर लागेका छौँ, अहिले बनेका संरचनामा विद्युत् र सडकको पहुँच पुऱ्याएका छौँ, त्यसले गर्दा उपकरण जडान गरेर प्राङ्गारिक मल, चिया र बाँसको सिन्का उत्पादन गरौं भनेर लागेका छौँ, संरचना थपिँदै जान्छन्, अन्य उद्योग पनि विस्तारै सञ्चालनमा ल्याउँदै जाने छौं ।" गाउँपालिकाका इन्जिनियर विनोद लामिछानेले सङ्घीय सरकारबाट आउनुपर्ने रु तीन करोडमध्ये आव २०७७/०७८ मा पहिलो किस्तामा ९२ लाख, २०७९/०८० मा ८० लाख आएको र चालु आवमा पनि ८० लाख आउने बताउनुभयो । यस वर्ष गण्डकी प्रदेश सरकारबाट पनि रु २० लाख विनियोजन भएको जनाउँदै कार्यान्वयनको चरणमा रहेको उहाँको भनाइ छ । औद्योगिक ग्रामसम्म जाने सडक स्तरोन्नति भएको जनाउँदै सीमित उद्योग सञ्चालनका लागि संरचना उपयोगी रहेको इन्जिनियर लामिछानेले बताउनुभयो । काठेखोलागाउँपालिकाकाप्रवक्ता टीकासङ्गम विकले औद्योगिक ग्रामले स्थानीयलाई स्वरोजगार बनाउनुका साथै उत्पादनलाई बजारीकरण गर्नका लागि टेवा पुग्ने बताउनुभयो । औद्योगिक ग्राम निर्माणपश्चात् यहाँ साना, मझौला र ठूला सबै उद्योग यहाँ सञ्चालन हुने जनाउँदै उद्योग गर्न चाहने स्थानीयले यस ठाउँ गाउँपालिकाले उपलब्ध गराउने उहाँको भनाइ छ । गाउँपालिकामा रहेका युवा शक्तिलाई उद्योगधन्दा, व्यापार व्यवसाय गर्न प्रेरितसमेत गाउँपालिकाले गर्ने उहाँले बताउनुभयो ।

# पोखरामा ललितकला मञ्च कास्की गठन

पोखरापत्र संवाददाता
पोखरा, २५ माघ

विभिन्न कलाकार तथा चित्रकारहरुको एक भेलाले पोखरामा बुधवार ललितकला मञ्च कास्की जिल्ला कमिटि गठन गरेको छ ।

वरिष्ठ चित्रकार पत्रकार तिलक पुन को संयोजनमा भएको भेलाले धन बहादुर सुब्बाको अध्यक्षतामा नौ सदस्यिय मञ्च गठन गरेको हो । मञ्चको उपाध्यक्षमा वेदनाथ लामिछाने सचिवमा रिता तुम्बाहाम्फे सहसचिव उदय राई तथा कोषाध्यक्षमा अर्जुन परियार चुनिएका छन् ।

मञ्चको कार्यसमिति सदस्यहरुमा समर बहादुर श्रेष्ठ, प्रेम थापा, राधा लिम्बु र बिनोद थापा छानिएका छन् । यस्तै सल्लाहकार हरुमा तिलक पुन, सन्त बहादुर घिषिङ र मिम बहादुर राना रहेका छन् । भेलामा अग्रज चित्रकार पत्रकार तिलक पुन, प्रकृति मानव केन्द्रित जन अभियान नेपालका निवर्तमान केन्दिय अध्यक्ष सन्त बहादर घिषिङ, अग्रज कलाकार लक्ष्मण गुरुङ, जरा कलाकार मिमबहादुर राना समाजसेवी बिष्णु परियार लगायतले ललितकला मञ्च गठन, यसको महत्व भूमिका एवं मञ्चले गर्नु पर्ने काम कर्तव्य र अधिकारका विषयमा आ आफ्ना भनाईहरु राखेका थिए ।

# बालकृष्ण समको १२१ औं जन्मजयन्ती पोखरामा मनाइदै

पोखरापत्र संवाददाता
पोखरा, २५ माघ

यही माघ २७ गते नाट्यसम्राट बालकृष्ण समको १२१ औं जन्मजयन्ती पोखरामा मनाउने तयारी गरिएको छ ।

नेपाल नाट्यप्रतिष्ठान, पोखराको आयोजनामा स्वदेश एवम् विदेशमा ख्यातिप्राप्त नाट्यकर्मीहरुको सहभागितामा कार्यक्रम गर्न लागिएको प्रतिष्ठानका अध्यक्ष प्रा.डा.रामचन्द्र पोखरेलले जानकारी दिनुभयो । कार्यक्रममा विभिन्न तीनवटा कार्यपत्रमा छलफलका साथै युवा नाट्यकर्मी केदार नाथ पौडेद्वारा लिखित एवम् निर्देशित नाटक भ्रुण मञ्चन गरिने प्रतिष्ठानले जनाएको छ । उक्त अवसरमा प्रा.डा.रामचन्द्र पोखरेलको बालकृष्ण समको रङ्गमञ्चीय चेतना, डा. अशोक थापाको बालकृष्ण समको गुणात्मक नाट्य योगदान र भारत, कालेबुङ्का नाट्यकर्मी सि.के. श्रेष्ठको नेपाली नाटकः हिजो, आज र भोलि शीर्षकका कार्यपत्र प्रस्तुत भै छलफल एवम् अन्तरक्रिया गरिने छ । कार्यक्रममा वरिष्ठ नाट्यकर्मी मनबहादुर मुखिया र हरिहर शर्मालाई अभिनन्दन गरिने अध्यक्ष डा.पोखरेलले जानकारी दिनुभयो । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठान, प्रायोजक तथा पोखरा प्रज्ञा प्रतिष्ठान, गण्डकी प्रज्ञा प्रतिष्ठान र इन्द्रेणी थिएटर, पोखरा प्रवर्द्धक रहेको कार्यक्रममा भारतबाट वरिष्ठ नाट्यकर्मी सि के श्रेष्ठ, भारतीय नेपाली नाट्य प्रतिष्ठानका अध्यक्ष डा विजय रुचाल, वरिष्ठ नाट्यकर्मीहरू दार्जिलिङका पी अर्जुन, सिलगढीका कृष्ण प्रधान, सिक्किमका चुन्नीलाल घिमिरे, नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति निशा शर्मा, प्रतिष्ठानका पूर्व कुलपति एवम् बरिष्ठ नाट्यकर्मी सरुभक्त, अनुप बराल लगायत स्वदेशी एवम् विदेशी नाट्यकर्मी, अभिनेता एवम अनुसन्धाता गरी १५० जना उपस्थिति हुनुहुने जनाइएको छ । नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति निशा शर्माले उद्घाटन गर्नुहुने कार्यक्रमको समापनमा पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्य प्रमुख अतिथि रहनुहुने पोखरेलले जानकारी दिनुभयो ।

# मन्दिरको प्रचारका लागि मिनी म्याराथन

रासस
तनहुँ, २५ माघ

प्रसिद्ध धार्मिकस्थल छाब्दी बाराही मन्दिरको प्रवर्द्धनका लागि यहाँका बासिन्दा जुटेका छन् । माछालाई देवीको रूपमा पुजिने यस मन्दिरको प्रचार-प्रसार गर्ने उद्देश्यले दमौलीबाट छाब्दी बाराही देवीको मन्दिरसम्म मिनी म्याराथन गरिने भएको हो ।

तनहुँको व्यास नगरपालिका-१ विज्ञानचौर स्थित आदिकवि भानुभक्त क्याम्पस र व्यास-१४ स्थित छाब्दी बाराही विकास कोषको संयुक्त आयोजना तथा रजवाम युवा क्लबको सहआयोजनामा 'आदिकवि-छाब्दी मिनी म्याराथन' गर्न लागिएको हो । यसबाट मन्दिरको प्रचार-प्रसार र प्रवर्द्धन हुनाका साथै आन्तरिक, बाह्य एवं धार्मिक पर्यटनलाई विस्तार गरी युवालाई खेलप्रति आकर्षण गर्न सकिने त्यहाँका वडाध्यक्ष काजीमान श्रेष्ठले जानकारी दिनुभयो ।

"क्याम्पसको वार्षिक खेलकुद कार्यक्रम-२०८० अन्तर्गत हुने दौड प्रतियोगितालाई पर्यटन प्रवर्द्धनसँगै समेटिएको छ", उहाँले भन्नुभयो, "म्याराथन आयोजनाका लागि प्रारम्भिक तयारी बैठक बसेका छौं । विभिन्न क्षेत्रबाट आदिकविमा अध्ययनरत विद्यार्थीमार्फत मन्दिरको संरचना विस्तार र क्याम्पसको शैक्षिक विकास हुने विश्वास लिएका छौं ।" क्याम्पस प्रमुख महाप्रसाद हङखलेले क्याम्पसबाट छाब्दी बाराही मन्दिरसम्म दौड हुने बताउनुभयो । व्यास-१ आदिकविभानुभक्तक्याम्पसबाट व्यास-१४ छाब्दी बाराही मन्दिर परिसरसम्म दौड हुनेछ । उहाँले भन्नुभयो, "प्रतियोगिता प्रजातन्त्र दिवसका अवसरमा फागुन १ गतेदेखि खेलकुद सप्ताह सुरु हुन्छ । सोहीअन्तर्गत म्याराथन पनि गर्न लागेका हौं ।" म्याराथनमा जिल्लाभरका क्याम्पस र उच्च माध्यमिक विद्यालयका विद्यार्थीलाई खुला प्रतिस्पर्धा गर्ने अवसर दिइने क्याम्पस प्रमुख हङखलेले बताउनुभयो । सात दशमलव पाँच किलोमिटर दूरीको मिनी म्याराथन दौड प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने धावकलाई रु १५ हजार, रु १० हजार र रु पाँच हजार पुरस्कार र प्रमाणपत्र प्रदान गरिने आयोजकले जनाएको छ । मन्दिर विकास कोषका अध्यक्ष थानबहादुर थापाले भन्नुभयो, "सबै पक्षबाट गरिएको प्रवर्द्धनात्मक कार्यले मन्दिरको विकास हुनाका साथै यहाँ धार्मिक, आन्तरिक तथा बाह्य पर्यटक आउने वातावरण पनि बनाउन सकिन्छ ।" मन्दिरमा भाकल र दर्शन गर्नाले मनोकाङ्क्षा पूरा हुने विश्वासका साथ माछालाई देवीको रूपमा पुजिन्छ । सदरमुकाम दमौली बजारबाट करिब आठ किलोमिटर पूर्वमा उक्त मन्दिर अवस्थित छ । दमौलीबाट छाब्दी मन्दिरसम्म नै सडक कालोपत्र भइसकेकाले समय समयमा बसको यात्रामा करिब २० मिनेटमा सहजै मन्दिरसम्म पुग्न सकिन्छ । विभिन्न जिल्लाबाट भक्तजन यस मन्दिरमा पूजाअर्चना र भाकल बुझाउन आउने गर्दछन् । सो मन्दिरमा विशेषगरी साउन महिनामा पूर्णरूपमा नियमित पूजाअर्चना बन्द रहन्छ । पृथ्वी राजमार्गबाट नजिकको दूरीमा सो मन्दिर पर्ने भएकाले पोखरा-काठमाडौँ यात्रा गर्ने यात्रुका लागि गन्तव्यस्थल बनाउन सकिन्छ । अन्य दिनमा भन्दा शनिबार भक्तजन बढी आउने गरेको मन्दिरका मुख्य पुजारी चोलबहादुर आलेले जानकारी दिनुभयो । उक्त दिन चारदेखि पाँच जना र अन्य दिनमा दुई पुजारीले पूजापाठ र बलि चढाउने कार्य गर्दै आएका छन् । आधा रुप देवी र आधा रुप मत्स्यका रुपमा छाब्दी बाराही देवीलाई लिइन्छ । मन्दिर परिसरमा रहेका माछा देवीका अवतारका रूपमा पुजिने गरिएको छ । सुरुमा खरको छानोबाट सुरु भएको उक्त मन्दिर क्षेत्रमा अहिले पक्की भौतिक संरचना निर्माण गरिएको छ । भक्तजनका लागि लाइनमा बस्ने व्यवस्था, वनभोजस्थल र बलि दिइएका कुखुरा तथा बोका सरसफाइ गर्ने स्थलको व्यवस्थापन मन्दिर विकास कोषले गरेको छ ।

कुखुरा सफाइ गर्दा रु एक सय र बोकाका लागि रु पाँच सय शुल्क निर्धारण गरिएको छ । दान, दक्षिणा र भेटीबाट सङ्कलन भएको रकमले मन्दिर परिसरमा भौतिक संरचना निर्माण गर्दै आइएको कोषले जनाएको छ । मन्दिर परिसरमा करिब रु १६ लाखको लागतमा छाब्दी देवीको आधा देवी र आधा मत्स्यन्धाको पूर्णकदको मूर्ति निर्माण गरिएको अर्का पुजारी डोलबहादुर आलेले जानकारी दिनुभयो । पुरानो कुण्डमा मन्दिर निर्माण गरिएको छ ।

त्यहाँ बिहान-बेलुकाको समयमा पुजारीले नित्य पूजा गर्दै आएका छन् । सुरुमा जरसिं आलेले छाब्दी देवीलाई प्रत्यक्ष भेट गरेको किंवदन्ती छ । दैनिक गोठालो जाँदा हालको छाब्दी खोला र कुण्डमा माछा मार्दै आएका आलेलाई एकदिन साँझपख गोठको छेउमा आगो तापिरहेको अवस्थामा कलकलाउँदो एक बालिकाको भेषमा देवीले बास खोज्न पुगेको बताइन्छ ।

# भेट्रान फुटबलका फाइनल समिकरण पुरा

**पोखरापत्र संवाददाता**
पोखरा, २५ माघ

पोखरामा जारी अन्तर्राष्ट्रिय भेट्रान एट ए साइड फुटबल प्रतियोगितामा ४० वर्षमाथि र ६० वर्षमाथिको फाइनल समिकरण पुरा भएको छ। बगर भाइखलकको आयोजनामा जारी दोस्रो हिमालय ब्रुअरी तथा तेह्रौं बगर भाइ खलक अन्तराष्ट्रिय भेट्रान फुटबल प्रतियोगितामा बिहिबार सात खेल सम्पन्नसँगै फाइनल समिकरण पुरा भएको हो।



पोखरा १ टुडिखेल खेलमैदानमा ४० वर्ष माथि उमेर समूहको पहिलो सेमीफाइनल खेलमा जोरपाटी भेट्रान काठमाडौंले टाइब्रेकरमा ५-४ ले हराउँदै फाइनल प्रवेश गरेको छ। निर्धारित समयको खेल १-१ गोलको बराबरीमा रोकिएपछिखेल टाइब्रेकरमा धकेलिएको हो। दोस्रो खेलमा नागस्वेती भेट्रान हेटौडाले ठमेल भेट्रान काठमाडौंलाई १-० ले हराउँदै फाइनलमा जोरपाटीको भेट पक्का गरेको हो। यी दुई बिचको फाइनल शनिबार हुनेछ।

६० वर्षमाथि उमेर समूहको सेमीफाइनल खेलमा बगर भाइखलक रातोले युके मास्टर उत्तरखण्ड भारत सेतालाई ३-१ ले हरायो। बगरको जितमा आनन्द रञ्जीले दुई तथा दिशेन कुमार श्रेष्ठले एक गोल गरे। भारतका लागि विमल पासवानले एक गोल गरे। दोस्रो सेमिफाइनल खेलमा युके मास्टर उत्तरखण्ड भारत पहेँलोले बगर भाइखलक सेतोलाई टाइब्रेकरमा ४-३ गोलले हरायो। निर्धारित समयको खेल २-२ गोलको बराबरीमा सकिएपछि खेल टाइब्रेकरमा धकेलिएको हो। त्यअघि निर्धारित समयको खेलमा भारतका लागि लक्ष्मण सिंहपातले दुई गोल गरे भने, बगरका लागि शम्भु केसी र विदुर विष्टले एक गोल गरे। भोलि (शुक्रबार) बगर रातोले उपाधिका लागि भारत पहेँलेको सामना गर्नेछ। बिहिबारनै ५० वर्षमाथिको क्वाटरफाइनल खेलमा बानेश्वर फ्रेन्डसिप थापा गाउँले फ्रिडम धोलारटी ललितपुरलाई २-१ ले हराउँदै सेमिफाइनलको यात्रा तय गरेको छ। वानेश्वरको जितमा शसी गौतम र प्रविर केसीले गोल गरे भने, धोलारटीका लागि तेज बहादुर मगरले एक गोल गरे। दोस्रो खेलमा बगर भाइखलकले बुटवल भेट्रानलाई ४-० ले हरायो। बगरको जितमा दिपक पुनले दुई तथा धन कुमार गुरुङ र दलबहादुर गुरुङले एक-एक गोल गरे। तेस्रो खेलमा कैलाली भेट्रानले चितवन भेट्रानलाई टाइब्रेकरमा ३-२ ले हरायो। निर्धारित समयको खेल १-१ को बराबरीमा सकिएपछि खेल टाइब्रेकरमा धकेलिएको थियो। निर्धारित समयको खेलमा कैलालीका लागि डम्बर विक्रम शाह र चितवनका लागि मनोज लामाले गोल गरेका थिए।

# कालीगण्डकी नदीमा राष्ट्रिय र्‍याफ्टिङ तथा कायाकिङ प्रतियोगिता गर्दै गण्डकी प्रदेश

**पोखरापत्र संवाददाता**
पोखरा, २५ माघ

गण्डकी प्रदेश सरकार र नेपाल र्‍याफ्टिङ कनुसंघको सँयुक्त आयोजनामा गण्डकी प्रदेशमा पहिलोपटक राष्ट्रिय र्‍याफ्टिङ तथा कायाकिङ प्रतियोगिता हुने भएको छ।

मालढुंगास्थित कालीगण्डकीमा यही माघ २७ देखि फागुन १ गतेसम्म राष्ट्रिय र्‍याफ्टिङ तथा कायाकिङ प्रतियोगिता हुन लागेको हो। पर्वतको जलजला गाउँपालिका १ स्थित कालीगण्डकी नदीमा माघ २७ देखि फागुन १ गतेसम्म उक्त प्रतियोगिता सञ्चालन हुन लागेको नेपाल र्‍याफ्टिङ कनुसंघका टेक्निकल डायरेक्टर नीम मगरले बताए। 'साहसिक खेलमार्फत पर्यटक भित्र्याउन हामीले यसपटक कालीगण्डकी नदीमा राष्ट्रिय स्तरको र्‍याफ्टिङ र कायाकिङ प्रतियोगिता आयोजना गर्दै छौं, डायरेक्टर मगरले भने, 'उक्त प्रतियोगिताको पर्वतको जलजला गाउँपालिका भएर बग्ने कालीगण्डकी नदीमा सञ्चालन गर्दैछौं।' उनका अनुसार कायाकिङ प्रतियोगितामा करिब ३०-३५ जना र र्‍याफ्टिङमा ८ टिमको सहभागिता रहनेछ। र्‍याफ्टिङ प्रतियोगिता ४ विधामा सञ्चालन हुनेछ।



एक टिममा ५ जना ९आर फोर० रहनेछन्। जसमा स्प्रिन्ट ९२५०मिटर०, हेड टु हेड ९३५० मिटर०, स्लालम ९४५० मिटर० र डाउ रिभर रेस १५ किलोमिटर मा प्रतिस्पर्धा हुनेछ। ४ विधामा १ हजार अङ्कका लागि प्रतिस्पर्धा हुनेछ। यस्तै कायाकिङ प्रतियोगिता ३ किलोमिटर क्षेत्रमा स्लालम र कनुकायक विधामा प्रतिस्पर्धा हुनेछ।

# मौरीपालन व्यवसायले बदलिएको भाग्य

**जनक श्रेष्ठ**
लमजुङ, २५ माघ

सुन्दरबजार नगरपालिका वडा नं ५ का ४६ वर्षीय मीनबहादुर गुरुङ आफूले गर्दै आएको सिकर्मीको काम छाडेर विसं २०६८ मा थप आयआर्जनका लागि कतार जानुभयो। त्यहाँ एक महिना काम गर्नुभएका उहाँले मासिक तलब नेपाली रु १७ हजार जति पाउनुभयो।

यति रकमले न परिवार खुसी हुने न आफू, न परिवारको भविष्य नै उज्ज्वल बनाउन सकिने भएकाले नेपालमै मौरीपालन व्यवसाय गर्नसके राम्रो हुने थाहा पाएर गुरुङ विदेश पुगेको एक महिनामै स्वदेश फर्किनुभयो। विदेश जाँदा लागेको रु एक लाख ५० हजार ऋण पनि तिर्न बाँकी नै थियो। स्वदेश फर्कनासाथ उहाँले छ-सात महिना सिकर्मीकै काम गरी आएको रकमले ऋणको ब्याज तिर्नुका साथै परिवारको गुजारा पनि चलाउँदै आउनुभयो। अलिअलि रकम जम्मा गर्दै रु तीन हजार पाँच सयले सुरुमा एक घार मौरीसहितको घार खरिद गर्नुभयो। त्यसबेला मकैबारीमा काम गर्दागर्दा मौरीमाथि उडेर गएकाले यस्तो उडेर जाने माहुरी किन्नुभन्दा चामल किनेको भए परिवारले खान त पाउने थिए भन्दै आफूलाई गाली गरेको गुरुङले सुनाउनुभयो। पहिलोचोटी परिवारको गाली खाए पनि फेरि सोही रकम बराबरको अर्को एक घार मौरीसहितको घार खरिद गरेर काम थाल्नुभएका व्यवसायी गुरुङले विसं २०६९ मा युवा लक्षित कार्यक्रमबाट रु ४० हजार अनुदान प्राप्त भएपछि सो रकमबाट मौरीसहितको गोल घार थप्दै गएको र पछि यसको सङ्ख्या बढाउँदै अहिले दुई सय ७५ जति घार करिब सात रोपनी जग्गामा फैलिसकेको जानकारी दिनुभयो। विसं २०७३ मा सुजिता मौरीपालन तथा घार उद्योग तथा मौरीपालन स्रोत केन्द्र दर्ता गर्नुभएका उहाँले मौरीपालनमात्र नभई मौरीसम्बन्धी घार बनाउने, मौरीसम्बन्धी टोपी, स्टेन, आधार चाका, फ्रेमलगायत आवश्यक सामग्रीसमेत बनाउन थाल्नुभयो। सत्र जनालाई रोजगारसमेत दिलाउनुभएका व्यवसायी गुरुङले यतिका कर्मचारीबाहेक अन्यलाई समेत रुख काट्ने कामका लागि खटाउने गरिएको बताउनुभयो। उहाँका अनुसार मह बिक्री, मौरीसहितका घार, खाली घार, मौरीसम्बन्धी विभिन्न उपकरणका सामग्री बिक्री गरेर बर्सेनि रु तीन करोडभन्दा बढीको कारोबार हुँदै आएको छ। आठ-नौ वर्षदेखि सबै खर्च कटाएर रु २५ लाखदेखि रु ३६ लाखसम्म मुनाफा हुँदै आएको छ। प्रतिकिलो रु एघार सयमा मह बिक्री गर्दा गत वर्ष रु तीन करोड ७६ लाखबराबरको कारोबार भएकामा यस वर्ष हालसम्म रु आठ लाख कमाई भइसकेको छ। यहाँ उत्पादित मह लमजुङसहित काठमाडौं, गोरखा, पोखरालगायत अन्य ठाउँमा पुग्ने गरेका र लमजुङबाहेक विगत पाँच वर्षदेखि कास्की जिल्लास्थित रुपा गाउँपालिकामा ७५ वटा र चितवनमा ५० वटा मौरीको घारसमेत राखिएको व्यवसायी गुरुङको भनाइ थियो।

"मौरीका लागि धेरै खटिराख्नु नपर्ने र समयअनुसार हेरचाह गरे पुग्ने भएकाले बेलाबेलामा आफैं पुगेर हेरचाह गर्दै आएको उहाँले जानकारी दिनुभयो। आफूसहित श्रीमती र पढ्दै गरेका दुई छोरा तथा एक छोरीले सहयोग गर्ने गरेका छन्। व्यवसायी गुरुङले भन्नुभयो, "पहिला खानालाउन समस्या हुन्थ्यो, अरुसँग ऋण माग्नुपर्ने थियो, घरव्यवहार चलाउने नसक्ने अवस्थामा थिएँ। गरिब भएकै कारण अरुले हेला गर्दथे। धेरै दुःखकष्ट व्योहोर्नुपर्‍यो तर अहिले धेरै राम्रो भएको छ। त्यतिबेलाको दुःख भुलेको छु। मौरी व्यवसायबाटै सफलता हुँदा यस पेसाले मेरो भाग्य नै बदलियो।" प्राप्त आम्दानीबाट गाउँ पालिकाको वडा नं ५ गहतेमै लाखौं मूल्यका दुईतले घर, सुन्दरबजारमा एक रोपनी जग्गासमेत उहाँले जोडिसक्नुभएको छ।

गायक पशुपति शर्माले गाउनुभएको गीत 'मलाई अमेरिका पनि यहीँ, बेलायत पनि यहीँ, जापान पनि यहीँ, चिन्ता छैन केही' भनेजस्तै भइरहेको छ भन्दै उहाँले गर्न सके विदेशमा मात्र होइन, आफ्नै गाउँठाउँमा पनि काम गर्न सकिनेमा जोड दिनुभयो। आफूले गर्ने कामको पहिचान गरेर अघि बढ्न सक्नुपर्ने सुझाव दिनुहुने व्यवसायी गुरुङ सुन्दरबजार नगरपालिकाबाट यस वर्ष उत्कृष्ट किसानका रूपमा सम्मानित हुनाका साथै विसं २०७५ मा तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीबाट समेत पुरस्कृत भइसक्नुभएको छ।

# महादेवको मूर्ति बनाउन रौतहट लगियो कालीगण्डकीको शिला

**पोखरापत्र संवाददाता**
पर्वत, २५ माघ

दामोदरकुण्ड र मुक्तिनाथबाट उत्पत्ति भई बहने पवित्र कालीगण्डकी नदी किनारका शिलाको महत्व दिन प्रतिदिन बढ्दै गएको छ। शालिग्राम शिला पाइने विश्वकै एक मात्र नदी कालीगण्डकी नदी किनारबाट मूर्ति निर्माण तथा शिला पूजनका लागि लैजाने क्रम बढ्दै गएको हो।

भारतको अयोध्या र चितवनको माडीपछि रौतहट जिल्लाको गढीमाई नगरपालिका-७ धर्मपुरामा निर्माणाधीन शिवमन्दिरमा मूर्ति बनाउने प्रयोजनका लागि शिला लगिएको हो। पर्वतको जलजला गाउँपालिका-३ पर्वत बेनीस्थित कालीगण्डकी किनारबाट धर्मपुरामा रहेको हिन्दूहरुको धार्मिकस्थल गरिबनाथ शिवमन्दिरमा निर्माण गरिने गरिबनाथ शिव महादेवको मूर्ति बनाउन पूजाआजा गरी बुधबार शिला लगिएको हो।

केही दिन अघि मन्दिर निर्माण समितिका पदाधिकारीहरु र कालीगण्डकी नदीका अध्येता कुलराज चालिसेसहितको टोलीले पर्वत बेनीको जुगेधारास्थित कालीगण्डकी नदी किनारमा ८ देखि १० टन तौल भएको उक्त शिलाको पहिचान गरेको थियो। पहिचान गरिएको शिलाको बुधबार विहान पूजाआजा गरी दिउँसो ट्रकमा राखेर पठाइएको छ। क्रेनको सहयोगले नदीबाट निकालेर ट्रकमा राखेर पठाइएको पर्वतको जलजला गाउँपालिकाका अध्यक्ष राजुप्रसाद आचार्यले बताउनुभयो। शिला पठाउन गाउँपालिकाले आवश्यक निर्णयसहित सघाएको थियो।

स्थानीय समुदायको समेत सहभागितामा धुमधामका साथ शिलाको बिदाई गरिएको थियो। गढीमाई नगरपालिकाले यही माघ २१ गते शिला पठाई सहयोग गरिदिन पालिकालाई पत्र पठाएको थियो। मुस्ताङको दामोदर कुण्डबाट उत्पत्ति भएर प्रसिद्ध धार्मिकस्थल गलेश्वर हुँदै बग्ने कालीगण्डकी नदीको शिला प्रयोग गरेर शिव महादेवको मूर्ति बनाउँदा धार्मिक पर्यटनको प्रवर्द्धन हुने र कालीगण्डकी नदीको थप प्रचारप्रसार हुने अध्यक्ष आचार्यले बताउनुभयो।

शिलाले रौतहट, गलेश्वर, मुक्तिनाथबीच धार्मिक र सांस्कृतिक सम्बन्धलाई जोड्नुका साथै धार्मिक पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने पालिका अध्यक्ष आचार्यले बताउनुभयो। उहाँले भन्नुभयो, ' कालीगण्डकी नदीको शिला रौतहटस्थित निर्माणधीन गरिबनाथ मन्दिरमा लैजानुले कालीगण्डकी नदीको धार्मिक र सांस्कृतिक महत्वलाई उजागर र प्रचारप्रसार गर्न थप सहयोग मिल्ने छ।' शिला लैजान आउनुभएका गढीमाई नगरपालिका ७ का स्थानीय सुरजभान कुसवाहाले भन्नुभयो, " अहिले गढीमाईको धर्मपुरमा शिव मन्दिर निर्माणधीन छ। मुस्ताङको दामोदर कुण्डबाट उत्पत्ति भएर प्रसिद्ध धार्मिकस्थल गलेश्वर हुँदै बग्ने कालीगण्डकी नदीको शिला प्रयोग गरेर शिव महादेवको मूर्ति बनाउन आवश्यक भएकाले शिला लैजान लागेका हौं। यहाँको शिलाबाट मूर्ति बनेपछि हाम्रो धार्मिकस्थलको महत्व बढ्ने विश्वास गरेका छौं।'

हिन्दू धार्मिक मान्यताअनुसार शालिग्राम पाइने भएकाले कालीगण्डकी आफैँमा पवित्र नदी मानिन्छ। त्यसमा पनि कालीगण्डकी किनारमा ऋषिहरू पुलह, कपिल र जडभरतले तपस्या गरी सिद्धि प्राप्त गरेको पौराणिक मान्यता भएकाले यस क्षेत्रको शिला धार्मिक हिसाबले महत्पूर्ण हुने धार्मिक व्यक्तिहरुको भनाइ छ। कालीगण्डकी नदीको निरन्तर जलप्रवाहले पवित्र बनेका शिलाबाट मूर्ति बनाउन राम्रो हुने विश्वास गरिएको छ। कालीगण्डकीबाट लगिने शिलालाई उत्सवको रुपमा गढीमाई नगरपालिका परिक्रमा गरी मन्दिरमा लगिने भएको छ। यसअघि कालीगण्डकी नदिकै किनारबाट दुईवटा शिला भारतको हिन्दूहरूको प्रसिद्ध धार्मिकस्थल अयोध्यामा निर्माणाधीन श्रीराम जन्मभूमि मन्दिरमा लगिएको थियो।

शालिग्रामलाई हिन्दू धर्मावलम्बीले विष्णुको अवतारका रुपमा पुज्ने गर्छन्। नेपालका प्रमुख हिमनदीमध्ये कालीगण्डकी पनि एक हो। हिन्दूहरुको पवित्र तीर्थस्थल दामोदरकुण्ड क्षेत्रबाट उत्पत्ति भई आउने गण्डकी र मुक्तिनाथबाट उत्पत्ति भएको कागखोला कागबेनी भन्ने स्थानमा भेट भएपछि यसलाई कालीगण्डकी भनिएको हो।

# विश्व सामाजिक मञ्चको १६औँ सम्मेलन नेपालमा

**रासस**
काठमाडौं, २५ माघ

विश्वका सीमान्तकृत समुदायको आवाज उठाइने विश्व सामाजिक मञ्चको १६औँ संस्करण आगामी फागुन ३ गतेदेखि ७ गतेसम्म काठमाडौंमा हुने भएको छ।

मञ्चअन्तर्गतको नेपाल आयोजक समितिले बिहीबार यहाँ आयोजना गरेको पत्रकार सम्मेलनमा आगामी फागुन ३ गतेदेखि ७ गतेसम्म काठमाडौंको भृकुटीमण्डपमा सम्मेलन हुने जनाइएको हो। विद्यमान विश्व व्यवस्थाले अङ्गीकार गरेका नीति र संरचनाले सिर्जना गरेका नकारात्मक प्रभावबारे आलोचनात्मक बहसका लागि विश्वका ९१ मुलुकका एक हजार एक सय ६५ संस्था सहभागिताका लागि दर्ता भएका पत्रकार सम्मेलनमा नेपाल आयोजक समितिका सदस्य डा नेत्र तिमिल्सिनाले जानकारी दिनुभयो।

नेपालमा पहिलोपटक हुन लागेको यस सम्मेलनमा आर्थिक असमानता र न्याय, श्रम, आप्रवासन, दासत्व, मानव बेचबिखन, जात, काम र वंशमा आधारित भेदभाव, जाति, जातीयता, आदिवासी, छुवाछूत र हिंसा, खाद्य सम्प्रभुता, शान्ति, द्वन्द्व, सञ्चार, कानुन, स्वास्थ्य, शिक्षा आदि विषयमा नागरिक आन्दोलनको भूमिकाबारे छलफल हुने उहाँले बताउनुभयो।

ती विषयमा चार सय कार्यपत्र प्रस्तुतिका लागि दर्ता भएका छन्। उक्त कार्यपत्र प्रस्तुतिमा ४० देखि ५० हजारको सहभागिता रहने अपेक्षा गरिएको समितिका सदस्य ओम थपलियाले बताउनुभयो। समितिका सञ्चार समन्वय उपसमितिका संयोजक सुशील विकले 'अर्को विश्व सम्भव छ' भन्ने नाराका साथ हुने सम्मेलनले नवउदारवाद, भूमण्डलीकरण, पुँजीवाद, जलवायु सङ्कट, पितृसत्ता, जातजाति, छुवाछूत तथा रङ्गभेद, नश्लभेद तथा यौनिकताका आधारमा हुने हिंसा, विभेद, द्वेषका विरुद्ध सामूहिक आवाज उठाउने बताउनुभयो।

# घरेलु मदिरा 'ब्रान्डिङ' गरिने

**रासस**
काठमाडौं, २५ माघ

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजालले घरेलु मदिरालाई 'ब्रान्डिङ' गरेर बिक्री प्रवर्द्धन गर्ने बताउनुभएको छ।

बिहीबार उद्योग मन्त्रालयमा आयोजित घरेलु मदिरा प्रवर्द्धन विषयक छलफलमा मन्त्री रिजालले घरेलु मदिरालाई 'ब्रान्डिङ' गर्दै लैजाने बताउनुभयो। ठूला उद्योगी हाबी नहुने गरी स-साना तथा घरेलु उद्योगको रुपमा घरेलु मदिराको बिक्री प्रवर्द्धनको व्यवस्था मिलाइने मन्त्री रिजालको भनाइ थियो। उहाँले घरेलु मदिराको उत्पादन तथा गुणस्तर कायमको मापदण्ड निर्धारण गरी बिक्री प्रवर्द्धनको व्यवस्था मिलाइने समेत बताउनुभयो।

मन्त्री रिजालले राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा घरेलु मदिराको बिक्री प्रवर्द्धनका लागि मन्त्रालयले आवश्यक गृहकार्य गरिरहेको जानकारी दिनुभयो। मन्त्रालयले घरेलु मदिरालाई गुणस्तर मापदण्ड तयार गरेर 'ब्रान्डिङ' गर्ने नीति लिएको छ। सोही अनुरुप आज मन्त्रालयमा भएको छलफल कार्यक्रममा बिक्री प्रबर्द्धनसम्बन्धी मार्गदर्शन समेत प्रस्तुत गरिएको थियो। छलफलमा अर्थमन्त्री डा प्रकाशशरण महत र कानुनमन्त्री धनराज गुरुङकोसमेत उपस्थिति थियो। अर्थमन्त्री डा महतले घरेलु मदिराको गुणस्तर मापदण्डमा विशेष ध्यान पुऱ्याउनुपर्ने बताउनुभयो। कानुनमन्त्री धनराज गुरुङले घरेलु मदिराको उत्पादन तथा बिक्री प्रवर्द्धनका लागि स्पष्ट कानुनप्रति संवेदनशील हुनुपर्ने बताउनुभयो।

छलफलमा कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्की, बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेल, गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, लुम्बिनी प्रदेशका मुख्यमन्त्री डिल्लीबहादुर चौधरीको उपस्थिति थियो।

# चुँदीरम्घालाई साहित्यिक पर्यटकीयस्थल बनाइँदै

**पोखरापत्र संवाददाता**
दमौली, २५ माघ

नेपाली भाषाका आदिकवि भानुभक्त आचार्यको जन्मस्थलमा साहित्य उद्यान निर्माणको प्रक्रिया अगाडि बढाइएको छ। भानु नगरपालिकाले भानु-४ चुँदीरम्घामा साहित्य उद्यान निर्माणको काम अगाडि बढाइएको हो।

चुँदीरम्घालाई साहित्यिक पर्यटकीयस्थलको रुपमा विकास गर्ने उद्देश्यसहित नगरपालिकाले साहित्य उद्यानको काम अगाडि बढाएको नगरप्रमुख आनन्दराज त्रिपाठीले जानकारी दिनुभयो।

यसका लागि सङ्घीय सरकारले रु पाँच करोड बजेट विनियोजन गरेको छ। अर्थमन्त्रालयले उद्यान निर्माणका लागि केही दिन अगाडि सो रकम उपलब्ध गराएको हो।

उहाँले भन्नुभयो, "राष्ट्रपति रामचन्द्र पौडेलले यस ठाउँको विकासका लागि चासो राख्नुभएको छ। उहाँकै साथ र सहयोगमा साहित्य उद्यानको कामलाई अगाडि बढाउन लागिएको हो।" उक्त बजेटबाट जग्गा अधिग्रहण, गुरुयोजना निर्माण र साहित्यिक स्रष्टाको शालिक निर्माणको काम गरिने जनाइएको छ। नगरप्रमुख त्रिपाठीका अनुसार सुरुमा जग्गा अधिग्रहणको काम हुनेछ। यसपश्चात् गुरुयोजना निर्माण गरी उद्यानको काम अगाडि बढ्ने छ। उहाँले भन्नुभयो, "भानुभक्तको जन्मथलो ओझेलमा परिरहेको छ। यस ठाउँमा साहित्य उद्यान निर्माण गरेर पर्यटकीय गन्तव्यस्थल बनाउने मुख्य लक्ष्य हो।" साहित्य उद्यान निर्माणपछि आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउन सहज हुने उपप्रमुख उमा गोतामेले बताउनुभयो। उहाँका अनुसार उद्यानका लागि ८६ रोपनी जग्गा अधिग्रहण गरिनेछ। उद्यान समितिका अध्यक्ष डा जयराज आचार्यले समितिले उद्यान निर्माणको लागि आवश्यक परामर्श, रेखदेख र योजनासहित नगरपालिकालाई सहयोग गर्ने बताउनुभयो। आदिकवि भानुभक्त जन्मस्थल विकास समितिका कार्यकारी निर्देशक शङ्कर रानाभाटले तीनवटै तहको सरकारको सहयोगबाट भानु जन्मस्थलको विकास सम्भव रहेको उल्लेख गर्नुभयो।